आज मिति २०८०।०९।१८ गते बुधबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०८०/०८१ को ८ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

क्र.स.	नाम थर	पद	सम्पर्क मो. नं.	दस्तखत
१	श्री कालुमान लामा	नगर प्रमुख	९८५२८३५१६६	
२	श्री मणिका देवि दुलाल	नगर उपप्रमुख	९८५२८३५५२८	
३	श्री सुभाकर पौडेल	प्रमुख प्रशासकीय अधिकृत	९८५२८४४०४७	
४	श्री सिताराम राई	अध्यक्ष वडा नं. १	९८५१२०८३१३	
५	श्री हरि बहादुर खड्का	अध्यक्ष वडा नं. २	९८४२९२७५४७	
६	श्री पर्शुराम राई	अध्यक्ष वडा नं. ३	९८१४७३४८५५	
७	श्री लुङ्गाराज राई	अध्यक्ष वडा नं. ४	९८१०५७९२२९	
८	श्री तुलसिराम ढकाल	अध्यक्ष वडा नं. ५	९८४१५१८५८० ९८५२८४४००८	
९	श्री अम्बर बहादुर खड्का	अध्यक्ष वडा नं. ६	९८०६१५५८७७९	
१०	श्री केशव अधिकारी	अध्यक्ष वडा नं. ७	९८६२८४४६६६	
११	श्री भगनाथ कुमार मगर	अध्यक्ष वडा नं. ८	९८४०९२८६०७	
१२	श्री प्रकाश राउत	अध्यक्ष वडा नं. ९	९८५२८३५२०८	
१३	श्री धर्मेन्द्र कुमार खडका	अध्यक्ष वडा नं. १०	९८१६७०७०५१ ९८६३८२८०४९	
१४	श्री उदयराज भुजेल	नगर कार्यपालिका सदस्य	९८४२८३१८९२	
१५	श्री जय कुमार राई	नगर कार्यपालिका सदस्य	९८१५७१४७१५	
१६	श्री माधव सार्की	नगर कार्यपालिका सदस्य	९८२६७००३२८	
१७	श्री तिलावती राई	नगर कार्यपालिका सदस्य	९८४३४६६२७५	
१८	श्री सुस्मा राई	नगर कार्यपालिका सदस्य	९८६२९१८६९९	
१९	श्री स्मृति तोलाङ्गी सुयल	नगर कार्यपालिका सदस्य	९८०५९९७७३३	
२०	श्री जानकी देवी चौधरी	नगर कार्यपालिका सदस्य	९८१५७००९०३	
२१	श्री शान्ति देवी चौधरी	नगर कार्यपालिका सदस्य	९८१९९१००३८	

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी - ९८५२८४४०७३

प्रस्तावहरु :-

१. अघिल्ला कार्यपालिका बैठकबाट भएका निर्णयहरुको समिक्षा सम्बन्धमा।

२. संघीय सरकारमा पेश गर्ने समपुरक र विशेष अनुदानका योजना छनौट गर्ने सम्बन्धमा।

३. राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिबाट प्राप्त सहमती स्वीकार सम्बन्धमा।

४.नवप्रर्वतनमा आधारित कार्यक्रम छनौट गरी पठाउने सम्बन्धमा।

५. नगर सभाको मिति तथा प्रस्तावहरु सम्बन्धमा।

६. अमानतमा कर संकलन गर्ने सम्बन्धमा।

७. नम्बरी/आवादी जग्गाहरुको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

८. विविध सम्बन्धमा।

- लागू औषध दुर्व्यसनीहरुका लागि I Dare no drugs कार्यक्रम सञ्चालन गर्न लागत साझेदारी सम्बन्धमा ।
- कृषि तर्फको स्यालो ट्युवेल तथा मोटर जडान कार्यक्रम सञ्चालन सम्बन्धमा ।
- विभिन्न प्रकारका विपद् प्रभावितहरुलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।
- विपन्न नागरिकहरुलाई स्वास्थ्य उपचार सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
- प्रधानमन्त्री रोजगार अन्तरगतको बजेटलाई वडागत रुपमा बाँडफाँड गर्ने सम्बन्धमा ।
- वडास्तरमा सञ्चालित फुटबल खेलको लागि आर्थिक सहयोग सम्बन्धमा ।
- वडा नं. ९ को ज्यामिरे घाटमा झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।
- स्व.वि.यु. नारद आदर्श शिक्षा क्याम्पस बसाहाको माग सम्बन्धमा ।
- प्राविधिक समितिको सदस्य परिवर्तन सम्बन्धमा ।

छलफल तथा निर्णयहरु:-

१. यस नगरपालिकाको नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भई सकेका, केही निर्णयहरु कार्यान्वयन भईरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्ने सर्वसम्मत निर्णय गरियो।

२. नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाणडौंबाट मिति २०८०/०८/३० गते प्रकाशित भएको सूचना बमोजिय यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरुको बारेमा थप छलफल गरी आगामी कार्यपालिका बैठकबाट छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. यस नगरपालिकाले नगर क्षेत्रमा रहेका खोला तथा नदिहरुबाट नदिजन्य पदार्थ उत्खनन्/ संकलन तथा विक्रि वितरणको लागि आवश्यक अनुमति उपलब्ध गराई दिन राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति खुमलटार, ललितपुरलाई मिति २०८०।८।१४ ऐ २४ गते अनुरोध गरिएकोमा उक्त समितिबाट यस नगर क्षेत्रका खोला तथा नदिहरुको स्थलगत अनुगमन निरीक्षण

CamScanner

गरी नगरपालिकाबाट स्वीकृत भएको IEE बमोजिम प्रचलित ऐन, कानूनको अधिनमा रही नदिजन्य पदार्थ उत्खनन्/ संकलन तथा विक्रिगर्न सहमती दिने सम्बन्धमा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति खुमलटार, ललितपुरको च.नं. १३६ मिति २०८०/०९/०२ गतेको पत्र प्राप्त भएको हुँदा उक्त पत्रमा उल्लिखित व्यहोरा पालना गराउन सबैको साथ सहयोग लिने साथै प्रदेश आर्थिक ऐन,२०८० अनुसार प्रति घनमिटर २४७ रुपैयाँको दरमा ढुंगा गिटीको ठेक्का लगाई एकमुष्ट राजश्व लिई दश प्रतिशत मुल्यअभिवृद्धि कर बाहेकको रकममा छुट दिएको विषय अनुमोदन गरी राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिले अनुमती दिएको परिमाण भन्दा केही कम परिमाण मात्र ठेक्का लगाई नगरपालिका चुर क्षेत्रको संरक्षणमा सचेत र जागरुक रहेको विषय स्पष्ट गर्दै प्राप्त अनुमतीलाई स्वीकार गर्ने सर्वसम्मत निर्णय गरियो।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०८०/०९/०४ गते प्रकाशित सूचना अनुसार नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० बमोजिम चालु आर्थिक वर्ष २०८०/०८१ मा कार्यक्रम सञ्चालन गर्नको लागि छनौट भएका पालिकाहरुको सूचीमा चौदण्डीगढी नगरपालिका समेत समावेश भएकोमा खुशी व्यक्त गर्दै उक्त कार्यविधि बमोजिम यस नगरपालिकाले नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन गरी नगरबासीहरुको आर्थिक विकासमा टेवा पुऱ्याउन उक्त कार्यविधिको पूर्णरुपमा पालना गर्ने प्रतिवद्धता सहित कार्यविधिमा भएको व्यवस्था बमोजिम नगरपालिकाले व्यहोर्नु पर्ने सहभागिताको २५ प्रतिशतले हुन आउने रकम रु २५००००।- (अक्षेरुपी पच्चिस लाख) यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत कार्यक्रम शिर्षक समपूरक कोषमा विनियोजित रकम रु.२९,००,०००।- बाट व्यहोर्ने गरी उक्त कार्यक्रममा सहभागी हुने सर्वसम्मत निर्णय गरियो।

५. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १९ मा नगर सभाको बैठक सामान्तया वर्षको दुई पटक गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। सो बमोजिम १५औं नगरसभा मिति २०८० साल पौष महिनाको २६ गते बिहिबार ११:०० बजे गर्ने। सो सभामा आयोजना तथा कार्यक्रम संशोधन, रकमान्तर, स्रोत संशोधन, अनुमोदन करारका कर्मचारीहरुको म्याद थप लगायतका विषय वडा नं १ का वडा अध्यक्ष श्री सिताराम राईज्यूको संयोजकत्वमा गठित समितिको प्रतिवेदनलाई समेत आधार लिई नगर प्रमुखले तोकेका विषयलाई प्रस्तावको रुपमा लैजाने सर्वसम्मत निर्णय गरियो।

६. यस नगरपालिका क्षेत्र भएर बहने नदी, खोलाबाट ढुगा, गिटी, बालुवा, माटो लगायतका नदीजन्य पदार्थको ठेक्का बन्दोबस्त गरी कर संकलन गर्न प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) तयार गरी सो प्रतिवेदनलाई मिति २०८०।०६।१९को कार्यपालिका बैठकबाट स्वीकृत गरी मिति २०८०।०९।०२ को राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति खुमलटार ललितपुरको सहमती लिई चार वटा खोलाहरुको ढुंगा गिटीको ठेक्का लागे पनि बालुवा तर्फको तीन पटकसम्म

CamScanner

ठेक्का आह्वान गर्दा ठेक्का नलागेको हुँदा नगरपालिकाले अनुमान गरेको आन्तरिक स्रोत तर्फको आय अपेक्षित रुपमा संकलन नहुने र यसरी आय संकुचन हुन जाँदा १४ औं नगरसभाले स्वीकृत गरेका कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्न स्रोत अभावमा नसकिने हुँदा विगत वर्षहरुमा पनि ठेक्का नलागेको अवस्थामा प्रदेश आर्थिक ऐनले तोकेको दरमा राजश्व लिने गरी सानो परिमाणमा बालुवा उत्खनन्, संकलन, बिक्रि गर्न निवेदन दिई माग गर्ने व्यक्ति, फर्म, कम्पनीलाई कार्यपालिकाको निर्णयबाट अनुमती दिने गरिएको अभ्यास रहेको हुँदा चालु आर्थिक वर्षमा श्री उज्जवल ट्रेडर्स एण्ड सप्लायर्स उदयपुरले ३००० (तीन हजार) घन मिटर बालुवा उत्खनन् संकलन, बिक्रिका लागि अनुमती माग गरेको र यस नगरपालिकाको वडा नं ४, ५, ९ र १० ले समेत स्थानीय नागरिकलाई नदिई नहुने निर्माणको कामै रोकिने अवस्थामा लाग्ने राजश्व तिरी बालुवा उठाउन दिने सो को राजश्व वडाले असुली गरी नगरपालिकामा दाखिला गर्ने गरी अनुमती दिँदा नगरपालिकालाई आम्दानी हुने अनुमती नदिँदा चोरी गरी निकासी समेत हुने गरेको अवस्था रहेकोले स्थानीय नागरिक, संस्था वा कम्पनीलाई मागको आधारमा आवश्यकता अनुसार बिक्रि गर्न दिँदा बालुवा चोरीमा कमी आउने, स्थानीय आवश्यकता पूर्ति हुने र नगरपालिकालाई सानो रकम भए पनि आम्दानी हुने हुँदा निवेदन माग बमोजिम कोशी प्रदेश आर्थिक ऐन, २०८० को अनुसूची ५ ले तोकेको प्रति घन मिटरको दरमा बालुवाको राजश्व रकम एकमुष्ट नगरपालिकामा बुझाएमा स्वीकृती दिने र वडाहरुलाई समेत सोही दरमा राजश्व रसिद उपलब्ध गराई राजश्व असुली गरी नगरपालिकामा बुझाउने गरी अनुमती दिने सर्वसम्मत निर्णय गरियो।

७. यस नगरपालिकामा मिति २०८०/०८/१२ गते श्री प्रोडेक्स इन्जियरिंग इन्कप्रा.लि. शाखा कार्यालय गाईघाट, उदयपुर र श्री ब्लु ओरेन्ज इन्जियरिंग सोलुसन प्रा.लि.बेलका-५ जहडा, उदयपुरले तयार पारेको चौदण्डीगढी नगरपालिका क्षेत्रभित्र रहेको नम्बरी जग्गा धनीहरुको विवरण स्थानीय सरकार संचालन ऐनको दफा ६२ र प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधि, २०७६ वातावरण संरक्षण नियमावली, २०७७ को दफा ५ को उपदफा १ र यस नगरपालिकाको वन, वातावरण संरक्षण ऐन, २०७७ को दफा १४ बमोजिम पेश हुन आएका तपसिलका जग्गा धनीहरुको जग्गामा रहेको ढुंगा, ग्रावेल, बालुवा र माटो उत्खनन् गरी हटाउन साथै बिक्रि निकासी शुल्क संकलन गर्नका लागि नगर प्राविधिक समितिको बैठकबाट निर्णय भई आएको TOR प्रतिवेदन समर्थन गरी यस नगरपालिकाको संक्षिप्त वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा १४ बमोजिम विभिन्न जग्गा धनीहरुले आ-आफ्नो जग्गाको IEE गराई स्विकृतिको लागि पेश गरेको हुँदा तपसिल अनुसारका जग्गा धनीहरुको IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

तालिका १ प्रस्तावित : जग्गाहरुको विवरण

क्र.स.	कित्ता नम्बर	जग्गाधनीको नाम	जमिनको क्षेत्रफलहेक्टर वा मिटरमा	चद्धा	निर्माण सामग्री	ज .ज/.रो. .वि	आयतन घ.मी.	प्रस्तावक	कैफियत

१	३ १७/च/चौदण्डी	विष्णु मायाराई	८०-०-३-	१	ढुंगा	ज.रो.	५०४३।७७	कालिका सप्लायर्स एण्ड टेडर्स सस्कोशी नर्सरी। १-.पा.	
२	३ १८/च/चौदण्डी	विष्णु मायाराई	८३-२-४-		ढुंगा				
३	३ १९/च/चौदण्डी	मिना कुमारी सेताई	८०-०-३-		ढुंगा				
४.	९ १/ज/सुन्दरपुर	टेक बहादुर खड्का	००-८-१२-	२	ढुंगा	ज.वि.	७३९।०२	तितारम कन्स्ट्रक्सन चौदण्डीगढी नं। ६-.पा.	
५.	३/ग/११चौदण्डी	तेज बहादुर राई	३२-२-३-	१	ढुंगा	ज.रो.	१०३१।६६		
६.	९/क/१२बसाहा	कुवेर बहादुर मगर	०५-११-	४	गिट्टी	ज.वि.	१८३६।६९	राउत कन्स्ट्रक्सन वि .पा.न. उदयपुर।	१ कट्टामात्र
७.	१/ख/५६७बसाहा	खिल बहादुर बस्नेत	०५०।१०-२-	४	गिट्टी	ज.वि.			
८.	४/घ/८५बसाहा	ज्ञान माया खड्का	०,४९३५	४	गिट्टी		६६००	कृष्ण निर्माण सेवा	

८. विविधः

१. यस चौदण्डीगढी नगरपालिकासँग जिल्ला प्रहरी कार्यालय उदयपुरको माग अनुसार यस नगरपालिका क्षेत्रमा रहेका युवाहरुलाई लागू औषधको दुर्व्यसनीमा फस्नबाट बचाउने उद्देश्यले लागू औषधको दुर्व्यसनमा संलग्न भएका व्यक्तिहरुलाई सहभागी गराएर I Dare no drugs कार्यक्रम सञ्चालन गरिने भएकोले उक्त कार्यक्रम सञ्चालनको लागि जिल्ला प्रहरी कार्यालय उदयपुरबाट पेश भएको अनुमानित लागत अनुमान बमोजिमको खर्च रकम रु.१२७०००।- मात्र यस नगरपालिकाको कार्यक्रम खर्च शीर्षकबाट जिल्ला प्रहरी कार्यालय उदयपुरलाई उपलब्ध गराउने सर्वसम्म निर्णय गरियो ।

२. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को लागि प्रदेश सरकारबाट अनुदान स्वरुप प्राप्त स्यालो ट्युवेल तथा मोटर जडान कार्यक्रम सञ्चालनका लागि यस नगरपालिकाबाट मिति २०८०/०८/२१ गते सूचना प्रकाशन गरी नगर क्षेत्रका ईच्छुक कृषक, कृषि फर्म तथा समूहहरुबाट निवेदन माग गरिएको र उक्त सूचनामा निवेदन साथ जग्गा धनी प्रमाण पुर्जाको फोटोकपी समेत संलग्न गर्नु पर्ने लेखिएकोमा यस नगरपालिकाको अधिकांश बस्ति तथा खेतियोग्य जमिनहरु ऐलानी तथा ब्लकमा रहेकोले विगत वर्षदेखि भोगचासमा रहेका तर जग्गा धनी प्रमाण पुर्जा नभएका जग्गाहरुको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिसको साथै नगरपालिकाको भूमि सेवा केन्द्रले वितरण गरेको निसाको फोटोकपी संलग्न गरेर निवेदन पेश गरेमा कार्यक्रममा सहभागी हुन मान्यता दिने सर्वसम्मत निर्णय गरियो ।

३. विभिन्न मितिमा यस नगरपालिकाको विभिन्न वडाहरुमा भएका विपद्जन्य घटनाहरुबाट पीडित व्यक्तिहरुलाई राहत स्वरुप आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्थाको लागि सम्बन्धित वडा

CamScanner

कार्यालयहरुबाट सिफारिस भई आएको हुँदा वडाको सिफारिस तथा प्रहरी सर्जमिन मुचुल्का लगायत पीडितको आर्थिक अवस्था समेतको आधारमा विपद् प्रभावितहरुलाई राहत स्वरुप तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः-

सि.नं.	प्रभावित व्यक्ति तथा समूह	विपद्को प्रकार	राहत रकम	खर्च शीर्षक	कै.
१	डम्बर प्रसाद दुलाल वडा नं. १०	हावाहुरी	१०००००	विपद् व्यवस्थान, भैपरी तथा तारजाली	
२	बिरेन्द्र प्रसाद वास्तोला वडा नं. ५	जंगली हात्तीको आक्रमण	५००००	विपद् व्यवस्थान, भैपरी तथा तारजाली	
३	सर्वेश्वर शिवालय मन्दिर वडा नं. ९	जंगली हात्तीको आक्रमण	२००००	विपद् व्यवस्थान, भैपरी तथा तारजाली	
३	भरत बि.क. वडा नं. ९	जंगली हात्तीको आक्रमण	२५०००	विपद् व्यवस्थान, भैपरी तथा तारजाली	
४.	गुणमाया आचार्य वडा नं. ५	आगलागी	१५००००	विपद् व्यवस्थान, भैपरी तथा तारजाली	

४. यस नगरपालिकाको विभिन्न वडामा बसोबास गर्ने विपन्न नागरिकहरुको स्वास्थ्य उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराउने व्यस्थाको लागि सम्बन्धित वडा कार्यालयहरुबाट सिफारिस भई आएको हुँदा तपसिल अनुसारको औषधी उपचार आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

सि.नं.	बिरामीको नाम, थर तथा वडा	रोग/ समस्या	राहत रकम	खर्च शीर्षक	कै.
१	धनराज परियार वडा नं. २	शारीरिक अपाङ्गता	२५,०००	विपन्न नागरिक स्वास्थ्य उपचार	
२	मानसी आचार्य वडा नं. ५	मुटु रोगी	५०,०००	विपन्न नागरिक स्वास्थ्य उपचार	
३	रण बहादुर मगर वडा नं. ४	क्यान्सर	५०,०००	विपन्न नागरिक स्वास्थ्य उपचार	संशोधित

CamScanner

५. यस चौदण्डीगढी नगरपालिका अन्तरगत सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ चालु आर्थिक वर्ष २०८०/०८१ को लागि विनियिजत बजेटबाट न.पा. का १० वटै वडाहरुमा तपसिल अनुसारको बजेट बाँडफाँड गर्ने सर्वसम्मत निर्णय गरियो ।

विनियोजित बजेटः- ४६११०००, लक्ष्य ६९ जना, रोजगार दिन १०० बेरोजगार संख्या ५६० बजेट स्रोतः रोजगारी सिर्जना नेपाल सरकारः- २३२२००० रोजगारी सिर्जना आई.डि.एः- २२८९०००

वडा नं.	सूचिकृत बेरोजगार संख्या	५० प्रतिशत बेरोजगार प्रतिशत ३४.५१४	५० प्रतिशत बजेट बराबरी आधारमा बे.स.	श्रमिक संख्या (प्रतिशत बे.स. तथा राबर बजेट)	बजेट बाँडफाँड	श्रोत
१	५५	३.३९०	३.४५१	७	४६७६००	नेपाल सरकार
२	३९	२.४०४	३.४५१	६	४००८००	नेपाल सरकार
३	२०	१.२३३	३.४५१	५	३३४०००	नेपाल सरकार
४	१४	०.८६३	३.४५१	६	४००८००	नेपाल सरकार
५	८७	५.३६२	३.४५१	८	५३४४००	आइ.डि.ए.
६	४९	३.०२०	३.४५१	६	४००८००	नेपाल सरकार
७	३५	२.१५७	३.४५१	६	४००८००	नेपाल सरकार
८	८६	५.३६२	३.४५१	८	५३४४००	आइ.डि.ए.
९	४३	२.६५०	३.४५१	७	४६७६००	आइ.डि.ए.
१०	१३२	८.१३५	३.४५१	१०	६६८०००	आइ.डि.ए.
जम्मा	**५६०**	**३४.५१४**	**३४.५१०**	**६९**	**४६,०९,२००**	

६. यस नगरपालिकाको विभिन्न वडाहरुमा सम्बिलत फुटबल क्लबहरुले वडास्तरमा फुटबल खेल सञ्चालन गर्ने प्रयोजनको लागि आर्थिक सहयोग माग गरेको हुँदा यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को लागि नगर सभाबाट खेलकुद तर्फ बिनियोजित बजेटको **भैपरी आउने आकस्मिक खेल** शीर्षकबाट तपसिल अनुसारको रकम आर्थिक सहयोग बापत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

- श्री सयपत्री युवा क्लब वडा नं. २ रु.५००००।-
- श्री वडा स्तरीय फुटबल खेल सञ्चालन समिति वडा नं. १० हडिया रु.२००००।-
- श्री भिमसेन युवा क्लब वडा नं. १० देबधार रु.२००००।-

७. यस नगरपालिकाको वडा नं. १०, ९ र ५ हुँदै बगेको त्रियुगा नदिको कारण यस नगरपालिकाको वडा नं. ५, ९ र १० का नागरिकहरुले नगरपालिकाबाट प्राप्त गर्नु पर्ने नियमित तथा अत्यावश्यक सेवा लिन नगरपालिका कार्यालयसम्म आउन र त्रियुगा नदिको कारण वारीबाट पारी र पारीबाट वारी गर्न

CamScanner

मानिसहरुलाई अत्यन्त कठिनाई भएकोले यस नगरपालिकाको वडा नं. ९ स्थित ज्यामिरे घाटमा झोलुङ्गे पुल बनाउन अति आवश्यक भएको हुँदा उक्त स्थानमा झोलुङ्गे पुल निर्माणको लागि Detailgd Project Report (DPR) समेत तयार गरिएको हुँदा उक्त पुल निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरी निर्माण कार्य अगाडि बढाई दिनको लागि सस्पेन्सन ब्रिज डिभिजन श्रीमहल पुल्चोक ललितपुर समक्ष अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

८. यस नगरपालिकाको वडा नं. ४ मा सञ्चालित श्री नारद आदर्श शिक्षा क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको माग निवेदन अनुसार उक्त क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु स्व.वि.यु.को नेतृत्वमा मिति २०८०/०८/२९ गते देखि २०८०/०९/०१ गते सम्म भारतको सिक्किम क्षेत्रमा शैक्षिक भ्रमणमा गएको र सो भ्रमणमा भएको खर्चको भुक्तानी माग गरेको हुँदा यस नगरपालिकाको कार्यक्रम खर्च शिर्षकबाट रु.५०,०००।- मात्र भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

९. यस नगरपालिकाको मिति २०८०।०८।१४ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय नं. ६ विविध (झ) मा नगर स्तरीय प्राविधिक समिति गठन गरिएकोमा उक्त समितिका सदस्य सव-ईन्जिनियर श्री सावन कुमार पाइकले राजीनामा दिई अन्यत्र जानु भएकोले निजको ठाँउमा यस नगरपालिकाका असिस्टेन्ट सव-ईन्जिनियर श्री सुजन मगरलाई सदस्य तोक्ने सर्वसम्मत निर्णय गरियो ।

CamScanner